बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्याः २०८२/८३
सूचना नं. : ४

बागमती प्रदेश, नेपाल

मितिः २०८२/०४/१३

## राष्ट्रिय परिचयपत्रको विवरण दर्ता शिविर १ दिन थप गरिएको सम्बन्धी सूचना !!!

प्रस्तुत विषयमा यस बलेफी गाउँपालिकाको ५ नं. वडा कार्यालय, बलेफीमा मिति २०८२/०४/११ देखि २०८२/०४/१३ सम्म संचालित राष्ट्रिय परिचयपत्रको विवरण संकलन कार्यक्रममा आफ्नो विवरण दर्ता गराउन छुट भएका र हालसम्म राष्ट्रिय परिचयपत्र नबनाएका सामाजिक सुरक्षा भत्ता लाभग्राही मध्ये ७० वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विविध कारणले हिँडडुल गर्न नसक्ने अशक्त व्यक्तिहरुको लागि थप १ दिन तपशिल बमोजिमको मिति, समय र स्थानमा दर्ता शिविर हुन गईरहेको हुँदा सम्बन्धित सरोकारवालाहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपशिलः-**

| क्र.सं. | मिति | स्थान | वडाहरू | कैफियत |
|---|---|---|---|---|
| १. | २०८२/०४/१४ | ५ नं. वडा कार्यालय, बलेफी गाउँपालिका, बलेफी, सिन्धुपाल्चोक | छुट भएका सबै | |

**<u>आवश्यक कागजातहरूः-</u>**

१. स्पष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्र ।

२. विवाहितको हकमा विवाह दर्ताको सक्कल प्रमाणपत्र वा पति/पत्नीको नागरिकतामा पति/पत्नीको नाम उल्लेख भएमा सक्कल नागरिकताको स्पष्ट बुझिने प्रमाणपत्र वा नाम उल्लेख नभएको र मिति २०३८ फागुन १ भन्दा अगाडीको भएमा वडा कार्यालयबाट विवाह प्रमाणित पत्र ।

३. बसाईसराइ गरी आएको हकमा बसाईसराइको सक्कल प्रमाणपत्र ।

४. नागकिता र अन्य कागजातमा नाम फरक भएमा वडा कार्यालयबाट एकै नाम/थर भएको प्रमाणित पत्र ।

५. सम्बन्ध विच्छेद भएको हकमा सम्बन्ध विच्छेद दर्ताको सक्कल प्रमाणपत्र ।

६. एकल महिलाको हकमा श्रीमान वा श्रीमतिको मृत्यु दर्ताको सक्कल प्रमाणपत्र वा मिति २०३८ फागुन १ भन्दा अगाडीको भएमा वडा कार्यालयबाट मृत्यु प्रमाणित पत्र ।

७. अविवाहितको हकमा अविवाहित प्रमाणित पत्र ।

.....................

(लोकेन्द्र बहादुर राई)

प्रमुख प्रशासकीय अधिकृत

फोन नंः ०११-४००५३६,०११-४००५३८ ०११-४००५३९ इमेलः balephi2017@gmail.com वेबसाइटः https://www.balephimun.gov.np
फेसबुकः www.facebook.com/balephiruralmunicipality